राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८२/११/२५ गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८२/११/२३ गते

प्रस्तावहरुः

१. योजना अनुगमन तथा मूल्यांकन प्रणाली सुदृढीकरण सम्बन्धमा ।
२. डिजिटल सेवा प्रवर्द्धन तथा अभिलेख व्यवस्थापन सम्बन्धमा ।
३. सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम सम्बन्धमा ।
४. योजना कार्यान्वयन सम्बन्धमा ।
५. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरूको प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्नु पर्ने।
२. गाउँपालिकाको सेवा प्रवाहलाई छरितो, पारदर्शी तथा प्रविधिमैत्री बनाउनु पर्ने।
३. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु पर्ने।
४. लुम्बिनी प्रदेश समपुरक अनुदान अन्तर्गत चालु आ.व. २०८२/०८३ का लागि गाउँसभाबाट स्वीकृत भएको योजनाको ठेक्का सम्झौता भइ बचत भएको रु ५४ लाख रकमबाट सोही योजना जनज्योती मा.वि. देखि २ नम्वर वडा कार्यालय हुँदै पिकनिक स्पोटसम्म पक्की बाटो निर्माण अन्तरगतको थप पक्की बाटो निर्माणका लागि योजना कार्यान्वयन गर्ने गरी ठेक्का प्रकृया अगाडि बढाउनु पर्ने ।
५. अन्य निर्णयहरु

निर्णयहरुः

१. सञ्चालित योजनाहरूको नियमित अनुगमन, गुणस्तर परीक्षण तथा समयमै सम्पन्न सुनिश्चित गर्न अनुगमन समितिलाई सक्रिय बनाउने । साथै अनुगमन प्रतिवेदन अनिवार्य रूपमा पेश गर्ने व्यवस्था मिलाउने।

२. गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूलाई क्रमशः डिजिटल माध्यमबाट उपलब्ध गराउने तथा सबै अभिलेखहरूलाई व्यवस्थित रूपमा डिजिटल अभिलेखीकरण गर्ने । यसका लागि सम्बन्धित शाखालाई आवश्यक पूर्वाधार, तालिम तथा प्रणाली विकासका लागि कार्ययोजना तयार गर्न निर्देशन दिने।

३. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न अतिरिक्त कक्षा, शिक्षक तालिम, सिकाइ सामग्री वितरण तथा नियमित अनुगमन कार्यक्रम सञ्चालन गर्ने ।

४. लुम्बिनी प्रदेश समपुरक अनुदान अन्तर्गत चालु आ.व. २०८२/०८३ का लागि गाउँसभाबाट स्वीकृत भएको योजनाको ठेक्का सम्झौता भइ बचत भएको रु ५४ लाख रकमबाट सोही योजना जनज्योती मा.वि. देखि २ नम्बर वडा कार्यालय हुँदै पिकनिक स्पोटसम्म पक्की बाटो निर्माण अन्तरगतको थप पक्की बाटो निर्माणका लागि योजना कार्यान्वयन गर्ने गरी ठेक्का प्रकृया अगाडि बढाउने।